धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक



ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा कक मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि



वर्ष २२, अङ्क १४४ ◆ २०८२ मंसिर २६ शुक्रबार ◆ Friday, December 12, 2025 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-


## नितिको आधारमा विकास गरिनुपर्दछ : मन्त्री शिवराज अधिकारी




❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री शिवराज अधिकारीले संघीय संरचनाअनुसार हरेक तहको आफ्नो भूमिकामा स्पष्ट हुनुपर्ने बताउनुभएको छ ।

उहाँका अनुसार संघले नीति बनाउने, प्रदेशले विकासका योजना तथा कार्यक्रम तयार गर्ने र स्थानीय तहले नागरिकका लागि विकास तथा समृद्धिमुखी कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाह गरिनुपर्ने धारणा बिहिबार जिल्ला समन्वय समिति धादिङको नवौं जिल्ला सभालाई सम्बोधन गर्दै बताउनु भएको हो । मन्त्री अधिकारीले निवेदनका आधारमा बजेट बाँड्ने पुरानो अभ्यास अन्त्य गरी योजना निर्माणका आधारमा मात्र कार्यक्रम सञ्चालन गर्ने प्रणालीमा जानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा जिल्ला समन्वय समिति धादिङका प्रमुख नवराज अधिकारीले हालसम्म सम्पन्न गतिविधिको विवरण प्रस्तुति गर्नुका साथै नीति तथा कार्यक्रम सर्वसम्मत रूपमा पारित भएको जानकारी दिनुभयो । सभामा आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा देशभरका नगरपालिकामध्ये प्रथम स्थान हासिल गरेको नीलकण्ठ नगरपालिका तथा गाउँपालिकामध्ये प्रथम स्थान प्राप्त बेनीघाट रोराङ गाउँपालिकालाई सम्मान गरिएको थियो ।

त्यसैगरी बालमैत्री वडा घोषणा भएका गल्छी गाउँपालिका-१, २ र ७ लाई विशेष सम्मान प्रदान गरिएको थियो । माध्यमिक शिक्षा परीक्षा (एसईई) मा शतप्रतिशत नतिजा ल्याउन सफल १६ वटा सामुदायिक तथा संस्थागत विद्यालय तथा कक्षा-१२ मा शतप्रतिशत नतिजा हासिल गरेका ३ विद्यालयलाई पनि सम्मान गरियो ।

जिल्ला सभाको उद्घाटन समारोहमा बागमती प्रदेशसभा सदस्य तथा पूर्व मुख्यमन्त्री शालिकराम जम्कटट्टेल, प्रदेशसभा सदस्य गोविन्द लम्साल, नेपाल नगरपालिका संघका अध्यक्ष तथा नीलकण्ठ नगरपालिका प्रमुख भीम ढुङ्गाना, थाक्रे गाउँपालिका अध्यक्ष तथा नगरपालिकासंघका सचिव रामकुमार आचार्य, प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीलगायतले शुभकामना व्यक्त गर्नु भएको थियो ।

## जेनजी आन्दोलनमा ८४ अर्ब बराबरको क्षति

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा करिब ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भौतिक संरचनामा क्षति भएको जनाइएको छ ।


त्यसैगरी, जेनजी आन्दोलनमा क्षतिग्रस्त सरकारी संरचना पुनर्निर्माणमा ३६ अर्ब ३० करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ ।

जेनजी आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनःनिर्माण योजना तयार गर्न गठित समितिले बिहीबार प्रधानमन्त्री सुशीला कार्कीसमक्ष बुझाएको प्रतिवेदनमा भौतिक संरचनाअन्तर्गत दुई हजार १६८ सङ्घसंस्था तथा निकाय प्रभावित भएको उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, "समग्रमा हेर्दा ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँ बराबरको भएको समितिको मूल्याङ्कन छ, आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो ।" यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन्, प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कूल ७७ जनाको ज्यान गएको छ । दुई हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन्, १३ देखि २८ वर्षका एक हजार ४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार १२ हजार ६५९ वटा सवारीसाधन क्षतिग्रस्त हुँदा १२ अर्ब ९३ लाख ६१ हजार रुपैयाँ बराबरको नोक्सान हुनुकासाथै सरकारी/सार्वजनिक क्षेत्रको ४४ अर्ब ९३ करोड ७३ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ ।

त्यसैगरी, दुई हजार ६७१ भवनमा क्षति पुगेको छ र त्यसमा पनि क्षतिको मूल्याङ्कन ३९ अर्ब ३१ करोड ७५ लाख रुपैयाँ बराबर रहेको छ ।

"सामुदायिक तथा अन्य क्षेत्रको पाँच अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको छ, निजी क्षेत्रको क्षतिको मूल्याङ्कन ३३ अर्ब ५४ करोड ८७




लाख रुपैयाँ बराबर र सरकारी क्षतिमा तीन तहमध्ये सङ्घीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ", प्रतिवेदनमा भनिएको छ । सरकारी/सार्वजनिक क्षेत्रमा रु ४४ अर्ब ९३ करोड ७३ लाख बराबर क्षति पुगेको, निजी क्षेत्रको क्षतिको मूल्याङ्कन रु ३३ अर्ब ५४ करोड ८७ लाख बराबर र सामुदायिक तथा अन्य क्षेत्रको रु पाँच अर्ब ९७ करोड १७ लाख बराबर क्षति भएको जनाइएको छ ।

राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते गरिएको समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन सरकारसमक्ष बुझाएको हो ।

## कुण्डेश्वर महादेव मन्दिरलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गरिने

काठमाडौं । काठमाडौं र सिन्धुपाल्चोक जिल्लाको सीमामा रहेको कुण्डेश्वर महादेव मन्दिर क्षेत्रलाई धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गरिने भएको छ ।

काठमाडौंको शङ्खरापुर नगर पालिका- १, २ र सिन्धुपाल्चोकको मेलम्ची नगरपालिक- १ र १२ को सीमा क्षेत्रमा पर्ने कुण्डेश्वर महादेव मन्दिर ऐतिहासिक, पौराणिक, धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । यहाँ सतीदेवीको मृगौला पतन भई शिव शक्तिस्वरुपले रहेको पौराणिक मान्यता छ । यहाँको ठूलो ढुङ्गामा रहेको पानीको कुण्ड कहिल्यै पानी नसुक्ने स्थानीय गणेश धिमालले बताउनुभयो । यसो हुनुमा कुनै दैवी शक्तिले काम गरेको स्थानीवासी विश्वास गर्छन् ।

यस क्षेत्रको धार्मिक महत्वकाबारेमा प्रचारप्रसार गरी पूर्वाधार निर्माणका लागि सहयोग जुटाउने उद्देश्यले गरिएको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ बुधबार सम्पन्न भएको छ । समापन कार्यक्रममा शङ्खरापुर नगरपालिकाका नगर प्रमुख रमेश नापित र मेलम्ची नगरपालिकाका नगर प्रमुख आइतमान तामाङले यहाँसम्म कालोपत्र सडक निर्माणका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।



महायज्ञबाट करिब रु आठ लाख सङ्कलन भएको जनाइएको छ ।

## धादिङबेसीमा आज र भोली सडक नेवाः खाना उत्सव हुँदै

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङबेसीमा आज र भोली अर्थात २६ र २७ गते दोस्रो धादिङबेसी सडक नेवाः खाना उत्सव-२०८२ आयोजना गरिएको छ। "हाम्रो संस्कृति, हाम्रो परम्परा, हाम्रो पहिचान" भन्ने मुलनारासहित झिंगु नेवाः समाज, धादिङले आयोजना गर्न लागिएको बिहिबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरिएको हो ।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै झिंगु नेवाः समाज धादिङका अध्यक्ष राजकुमार श्रेष्ठज्यूले नेवाः संस्कृति जगेर्ना, प्रवर्द्धन तथा स्थानीय स्तरमा रोजगारी र स्वरोजगार सिर्जना गर्ने उद्देश्यले महोत्सव महत्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो ।

यसपटक महोत्सवमा १० वटा नेवारी फुड स्टल राखिनेछ, जहाँ योमरी, समयबजी, बारा, चटामरी, मःमः, चाकु लगायत विभिन्न परम्परागत नेवारी परिकारहरू उपलब्ध हुनेछन् । गत वर्ष मागअनुसार योमरी उपलब्ध गराउन नसकिएको अनुभवका कारण यस वर्ष पर्याप्त मात्रामा आपूर्ति हुनेछ उहाँले भन्नुभयो । मेलामा 'उर्कलमा प्रत्यक्ष चिउरा कुट्ने' विशेष प्रस्तुति, धादिङमै तालिम प्राप्त ५४ जना कुकहरूको सहभागिता, स्थानीय विद्यालय तथा जातीय सङ्गठनहरूको सांस्कृतिक प्रस्तुति महोत्सवका मुख्य आकर्षण रहनेछन् ।

दिउँसो १ बजेबाट राति ८ बजेसम्म धादिङबेसी बीच बजार चोकदेखि त्रिवेणी चोकसम्मको सडक पूर्ण रूपमा बन्द गरी महोत्सव क्षेत्र घोषणा गरिएको छ । शौचालय, खानेपानीजस्ता आवश्यक सुविधामा स्थानीय घरधनीहरूको सहयोग रहने आयोजक संस्थाले जनाएको छ। अध्यक्ष श्रेष्ठले धादिङबासी मात्र होइन, अन्य ठाउँमा रहनुभएका सबैलाई पनि एक दिन बास बस्ने गरी धादिङ आउन , नेवारी खानाको स्वाद लिई र नेवारी संस्कृतिको नजिकबाट अनुभव गर्नुहुन सबैमा आग्रह गर्नुभएको छ ।

## प्रधानमन्त्रीसमक्ष जेनजी आन्दोलनको क्षतिसम्बन्धी प्रतिवेदन पेस

काठमाडौं । जेनजी आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन तथा सार्वजनिक संरचनाको पुनःनिर्माण योजना तयार गर्न गठित समितिले आफ्नो प्रतिवेदन प्रधानमन्त्री सुशीला कार्कीसमक्ष पेस गरेको छ ।

उक्त समितिका संयोजक एवं राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थले हिजो (बिहीबार) सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकमा प्रतिवेदन सारांशको प्रस्तुतीकरण गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गत असोज ५ गते यो समिति गठन भएको थियो। समितिले ७५ दिनमा आफ्नो प्रतिवेदन बुझाएको हो ।

समितिका अनुसार जेनजी आन्दोलनका क्रममा सातै प्रदेशमा क्षति भएको थियो। यस्तो क्षति हुने जिल्ला ५४ र स्थानीय तह २६२ रहेका छन् । प्रतिवेदनअनुसार भदौ २३ गते २० जना, २४ गते ३७ जना र त्यसपछि २० जना गरी कूल ७७ जनाको ज्यान गएको छ ।



दुई हजार ४२९ जना घाइते भएकामा १७ जना १३ वर्षमुनिका छन् । १३ देखि २८ वर्षका एक हजार ४३३ जना घाइते भएको प्रतिवेदनमा उल्लेख छ। समग्र भौतिक क्षति हेर्दा रु ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको भएको समितिको मूल्याङ्कन छ । जसमध्ये प्रभावित निकाय/संस्था दुई हजार १६८ छन् । दुई हजार ६७१ भवनमा क्षति पुगेको छ। जसमा क्षतिको मूल्याङ्कन रु ३९ अर्ब ३१ करोड ७५ लाख बराबर रहेको छ ।

१२ हजार ६५९ वटा सवारी साधनमा क्षति पुग्दा रु १२ अर्ब ९३ लाख ६१ हजार बराबरको नोक्सान हुन पुगेको छ । सरकारी/सार्वजनिक क्षेत्रको रु ४४ अर्ब ९३ करोड ७३ लाख बराबरको क्षति पुगेको छ। निजी क्षेत्रको क्षतिको मूल्याङ्कन रु ३३ अर्ब ५४ करोड ८७ लाख बराबर छ । सामुदायिक तथा अन्य क्षेत्रको ५ अर्ब ९७ करोड १७ लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

सरकारी क्षतिमा तीन तहमध्ये सङ्घीय सरकारको ६८ प्रतिशत छ भने प्रदेश र स्थानीय तहको क्रमशः १० र २२ प्रतिशत छ। समितिले पुनःनिर्माण कार्ययोजना पनि पेस गरेको छ। पुनःनिर्माण गर्न रु ३६ अर्ब ३० करोड २१ लाख बराबरको बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।

सम्पादकीय ....

# नागरिकले नै सोच्नुपर्छ

नेपालमा भ्रष्टाचार दीर्घकालीन र जटिल समस्या बनेको छ। यो केवल सरकारी तहमा सीमित नभई सार्वजनिक, निजी र सामाजिक सबै क्षेत्रमा फैलिएको गम्भीर चुनौती हो। विश्व बैंक र ट्रान्सपरेन्सी इन्टरनेसनलका तथ्यांकले नेपालमा भ्रष्टाचार उच्च रहेको देखाउँछन्। सरकारी सेवा प्राप्ति, खरिद-ठेक्का, सार्वजनिक निर्माण, भूमि, यातायात, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा अनियमितता सामान्य जस्तै बनेको छ। स्थानीय तहदेखि संघीय सरकारसम्म निर्णय प्रक्रियामा व्यक्तिगत लाभका लागि सार्वजनिक पदको दुरुपयोग हुनु सामान्य बन्दै गएको छ, जसले राज्यप्रतिको जनविश्वास कमजोर बनाइरहेको छ।

भ्रष्टाचार बढ्नुका कारणहरू बहुआयामिक छन्। राजनीतिक कारण यसमा प्रमुख रूपमा देखिन्छन्। राजनीतिक हस्तक्षेपका कारण प्रशासनिक निर्णयहरू प्रभावित हुन्छन्। बारम्बार सरकार परिवर्तन हुँदा नीति तथा योजनामा निरन्तरता रहँदैन, जसले भ्रष्टाचारका अवसरहरू बढाउँछ। नेताहरूले आफ्ना निकटका व्यक्तिहरूलाई लाभ दिने प्रयास गर्दा प्रशासनिक संरचना नै कमजोर बन्छ। प्रशासनिक कारण पनि उत्तिकै महत्वपूर्ण छन्। सरकारी कामकाजमा पारदर्शिताको अभाव, दक्ष जनशक्ति नहुनु, स्पष्ट जिम्मेवारी नतोकिनु, जवाफदेहिता कमजोर हुनुजस्ता कारणले भ्रष्टाचारलाई सहज बनाउँछन्। कतिपय कार्यालयमा सेवाग्राहीलाई अनावश्यक ढिलाइ, प्रक्रिया जटिलता र मध्यस्थकर्ताको चलखेलले पनि अनियमितता बढाएको छ।

सामाजिक कारणले पनि भ्रष्टाचारलाई गहिरो बनाएको छ। साना घुसलाई सामान्य मान्ने सामाजिक धारणाले गलत अभ्यासलाई मौलिकता झैं स्थापित गरेको छ। नागरिक चेतनाको कमी, परम्परागत सामन्ती संस्कृति, पहुँच र सिफारिसमा भर पर्ने प्रवृत्तिले भ्रष्टाचारलाई संस्थागत बनाइदिएको छ। आर्थिक रूपमा सरकारी कर्मचारीको तुलनात्मक रूपमा कम तलब, आर्थिक असमानता र व्यक्तिगत लाभको लोभले अवस्था अझ जटिल बनाएको छ। साथै, डिजिटल सेवा, अनलाइन प्रक्रिया र ई-गभर्नेन्सको कमजोर प्रयोगले पनि पारदर्शितामा कमी ल्याएर भ्रष्टाचारलाई बढावा दिएको छ।

भ्रष्टाचारको प्रभाव आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक सबै क्षेत्रमा गहिरो छ। विकास परियोजनामा हुने ढिलाइ, बजेट फजुल खर्च, लगानीमा गिरावट जस्ता आर्थिक असरहरू सजिलै देखिन्छन्। सामाजिक रूपमा असमानता, अविश्वास, अन्याय र तनाव बढ्दै गएका छन्। राजनीतिक रूपमा अस्थिरता, नीति निर्माणमा ढिलाइ, पहुँचवादी संस्कृतिको विस्तार देखिन्छ। प्रशासनिक रूपमा दुरुपयोग, निष्पक्षता कमजोर हुनु, कर्मचारीको नैतिकता खस्कनु र राज्यप्रतिको जनविश्वास घट्नु आजका ठूला चुनौती हुन्।

भ्रष्टाचार नियन्त्रण केवल सरकारको जिम्मेवारी मात्र होइन, नागरिकको चेतनात्मक जिम्मेवारी पनि हो। समाजले नै गलत अभ्यासलाई अस्वीकार गर्न सके मात्र परिवर्तन सम्भव छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक**" तपाईंलाई कस्तो लाग्दैछ? तपाईंहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईंहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# 'अब हामी धेरै कुर्दैनौं'

टिकाराम सुनार

कैलालीकी सरिनाकुमारी चौधरीले आफ्नो प्रेमीका लागि सबै सुम्पिनुभयो-समय, सम्पत्ति र सपना। यी सबै बेचेर प्रेमीले आफूलाई बनाए। सामान्य चिकित्सा (एचए) पढेँ। कमाउने भएँ। बदलामा चौधरीलाई भने तिरस्कार मिल्यो। "तिरस्कार मात्रै के भन्नु! कुटपिट, लाञ्छना र हिंसा मिल्यो। मैले आफूलाई रित्याएर उसलाई बनाएँ तर उसले आफू बनेपछि मलाई धोका दियो", उहाँले बेदना सुनाउनुभयो।

उहाँको सम्बन्ध परिवारको सहमतिअनुसार नै भएको थियो। अन्तिममा धोकाको अगाडि परिवारको बन्धनले बाँधिरहन सकेन। पाँच वर्षको सम्बन्ध वियोगान्त भयो। "परिवारको सहमतिमा मगनी भयो र केही समयपछि बिहे गर्ने सहमति थियो। सहमतिअनुसार मैले आफ्नो पढाइ छोडेर काम गरेर उसको पढाइमा सहयोग गरेँ। पाँच वर्ष श्रीमान-श्रीमतीजस्तै बस्यौं, तर अन्तिममा धोका पाएँ! उसले पढाइ सकेपछि विभिन्न लाञ्छना लगाएर कुटपिट तथा हिंसा गर्न थाले। जति गर्दा पनि सम्बन्ध नजोगिने भएपछि कानूनको ढोका ढक्ढक्याएँ। पछि आफ्नो अधिकार र अंश लिएर अलग्गै बसिरहेकी छु", सरिनाले भन्नुभयो।

चितवन माडीकी सुस्मा महतले बिहे गरेको नौ वर्ष भयो। दुई सन्तान छन्। केही समयअघि श्रीमानलाई माइतीको जमिन बन्धकी राखेर उहाँले विदेश पठाउनुभयो। शुरुमा जिन्दगी ठिकठाक चलिरहेको थियो तर त्यो लामो समय चलेन। एकाएक विदेशमा रहेका श्रीमानसँग सम्पर्क टुट्यो। त्यसबीचमा परिवारलाई थाहै नदिई श्रीमान् नेपाल आएका रहेछन्। "नेपाल आएको पनि अर्कै व्यक्तिबाट सुनेँ। एउटा केटीसँग बसिरहेको छ भनेर थाहा पाएपछि म त छाँगाबाट खसे झैं भएँ। घटना प्रहरी प्रशासनसम्म पुग्यो, पटकपटक मेलमिलापमा टुङ्गियो", उहाँले भन्नुभयो, "मेलमिलापपछि फेरि उही कुरा दोहोरियो, केही समय मसँग बस्ने फेरि हराउने। पछि श्रीमान् र त्यो केटी मिलेर दुःख दिन थाले। घर परिवारले साथ दिएन।" महतका अनुसार माइती पक्षले श्रीमानलाई विदेश पठाउन बन्धकी राखेको जमिन छुटाउन भन्छन्, स्थानीय ऋणीले ऋण चुक्ता गर्न दबाद दिन्छन्, तर साथमा न श्रीमान् छन् न त सम्पत्ति। अचेल उहाँ माइतीघरमा बस्न बाध्य हुनुपरेको छ। "सानै उमेरमा विवाह भयो, १७ वर्षमा पहिलो र १९ वर्ष दोस्रो सन्तान भए। अब त सन्तान हुर्किए भनेर सोचेकामा अर्को समस्या आइलाग्यो। सन्तानकै चिन्ताले श्रीमानको हिंसा सहेँ, अब त अत्ति भएपछि घर छाडेर न्यायका लागि लडिरहेकी छु। अब सहन्न", उहाँले भन्नुभयो। धनुषा ढल्केबरकी ललितादेवी महतोले मौनता तोडेपछि नै हो न्याय पाएको। परिवारले न्यायको चित्कार सुन्न छोडिसकेको थियो। छिमेकीले अर्काको घर झगडामा किन चासो राख्नु भनेर बेवास्ता गर्न थालिसकेको थियो। घरेलु हिंसा बढ्दै गएपछि उहाँले अधिकारको लडाइँ लड्नुभयो र न्याय पनि पाउनुभएको छ। "मलाई झुक्याएर विवाह गरियो। घर परिवारले नै धर्म संस्कारअनुसार हाम्रो बिहे गरिदिए, केही समयपछि त उहाँको अर्को श्रीमती छ भन्ने थाहा पाएँ। छोराछोरी भए। जब सन्तानको जन्मदर्ता र मेरो नागरिकताको कुरा आयो, तब हिंसा शुरु भयो। बिहे गर्दादेखि चुपचाप रहेकी अर्को श्रीमतीले अब अवरोध गर्न थालिन्", महतोले सुनाउनुभयो।

न्यायका लागि स्थानीय प्रशासनमा गएपछि बहुविवाहको कुराले समस्या भयो। पालिका र जिल्ला प्रशासन कार्यालयबाट माग सुनुवाइ नभएपछि महतो अदालत जानुभयो। अदालतको फैसलाअनुसार नागरिकता, छोराछोरीको जन्मदर्ता र सम्पत्तिमा अधिकार स्थापित भएको छ। "मैले आवाज नउठाएको भए अहिले पनि हिंसा भोगिरहेकी हुन्थेँ होला! न्यायका लागि बोलेँ, अदालतले पनि गुमराहमा राखेर बिहे गरेकाले सन्तानलाई त्यसको सजाय दिन मिल्दैन भनेर फैसला गऱ्यो अनि तुरुन्तै नागरिकता पाएँ", उहाँले भन्नुभयो,"अहिले श्रीमान्बाट अंश पाएकी छु। सानो पुँजीबाट लाखौंको सम्पत्ति जोडेकी छु। सामाजिक न्यायको कुरा गरिरहेकी छु। हिजो मलाई अन्याय गर्ने पहिलो श्रीमतीको न्यायका लागि पनि आज मैले नै बोल्नुपरेको छ।"

सरना, ललिता र सुस्मा मात्रै होइन, विभिन्न बहानामा बर्सेनि हजारौं महिलाले हिंसाको सामना गर्नु परिरहेको छ। आफूमाथि भएको अन्यायका विरुद्ध लड्नेहरुले न्याय पनि पाएका छन्। नेपाल प्रहरीमा आर्थिक वर्ष २०८१/८२ मा १७ हजार ५०९ घरेलु हिंसाका घटना दर्ता हुँदा त्यसमा १५ हजार ५०० भन्दा बढी महिला र बालिकासँग सम्बन्धित छन्। घरेलु हिंसा सो अवधिमा दर्ता भएका कुल घटनाको ८१ दशमलव ५६ प्रतिशत छ। सोही अवधिमा दुई हजार २६२ माथि बलात्कार भएको छ, जसमा एक हजार ४३७ बालिका मात्रै छन्।

नेपालमा मात्रै होइन, विश्वभर नै आफ्नै नजिकका मान्छेबाट धेरैजसो महिला र बालिका हिंसामा परिरहेका छन्। संयुक्त राष्ट्रसङ्घीय लागूऔषध तथा अपराध कार्यालय (युएनओडीसी) र संयुक्त राष्ट्र महिला (युएन वुमेन) ले हालै सार्वजनिक गरेको एक प्रतिवेदनले विश्वमा हरेक १० मिनेटमा आफन्तबाटै एक महिलाको हत्या हुने गरेको देखाएको छ। यस्तै, विश्व स्वास्थ्य सङ्गठनको अध्ययनअनुसार विश्वभरका करिब तीनमध्ये एक महिला (अनुमानित ८४० मिलियन) ले आफ्नो जीवनकालमा नजिककै व्यक्तिबाट यौन हिंसाको कुनै न कुनै स्वरूप भोगिसकेका छन्।

गत १२ महिनामा मात्रै ३१६ मिलियन महिला (१५ वर्ष वा सोभन्दा माथिका कुल महिलाको ११ प्रतिशत) नजिकका (घरेलु/अन्तरङ्ग) साझेदारबाट शारीरिक वा यौन हिंसा भोग्न बाध्य भएका त्यो प्रतिवेदनमा उल्लेख छ। अध्ययनमा भनिएको छ,"१५ वर्षको उमेरपछि २६३ मिलियन महिलाले गैरसाझेदारबाट यौन हिंसा भोगेका छन्। यद्यपि, विशेषज्ञहरूका अनुसार यो सङ्ख्या वास्तविकताभन्दा धेरै कम देखिएको हुनसक्छ, किनकी यस्ता घटनाहरू बदनाम, लाज र डरका कारण उजागर हुँदैनन्।"

दलित महिला सङ्घ (फेडो) ले हालै सार्वजनिक गरेको अध्ययनमा पनि उक्त संस्थामा दर्ता भएका ४३९ उजुरीमध्ये २१२ घटना घरेलु हिंसाका छन् भने नेपाल प्रहरी तथा सरोकार भएका निकायमा आउने उजुरीअनुसार नेपालका हरेक एक सय जना महिलामा ८० जना घरेलु हिंसामा पर्ने गरेको र हरेक दिन सरदर सात जना बलात्कृत हुने गरेको तथ्य प्रतिवेदनमा उल्लेख छ।

महिला पुनर्स्थापना केन्द्र (ओरेक) को तथ्याङ्कमा पनि कुल घटनामा ७२ प्रतिशत महिला घरेलु हिंसाबाट प्रभावित भएको उल्लेख छ। मानवअधिकार आयोगको दस्तबेजमा २४७ घटनामध्ये महिला र बालिकामाथि घरेलु हिंसाका ७३ र यौनजन्य हिंसाका २६ घटना छन्। राष्ट्रिय महिला आयोगमा महिलासँग सम्बन्धित मानसिक हिंसाका १९५, आर्थिक हिंसाका २७७, शारीरिक हिंसाका २४६ र यौन हिंसाका नौ वटा घटना अभिलेख भएका छन्।

यी तथ्यले महिला तथा बालिकाहरु आफ्नै घर र आफन्तबाटै सुरक्षित नरहेको विषय उजागर गरेका छन्। ओरेकका संस्थापक डा रेणु राजभण्डारी विभिन्न निकायको अध्ययनले बिहे भएका महिलामाथि घरेलु हिंसा, अविवाहित बालिकामाथि यौन हिंसा हुने गरेको र त्यसमा आफन्त तथा नजिककै व्यक्ति संलग्न हुने गरेको डरलाग्दो प्रवृत्ति देखाएको बताउनुहुन्छ। यी घटना पनि हिंसा सहनुहुन्न भन्ने साहस भएकाहरु जोखिम मोलेर बाहिर आएकाले थाहा हुने गरेको भन्दै उहाँले अझै पनि विभिन्न कारणले हिंसा सहेर बस्नेहरुको वास्तविक सङ्ख्या दबिएरै बसिरहेको बताउनुहुन्छ।

"हाम्रो समाजले महिलालाई सानैदेखि सहन सिकाउँछ। गलत भनाइ, दबाब र हिंसालाई 'घरका कुरा' भन्दै भित्रै राख्न सिकाइन्छ। महिलालाई नै आफैँलाई दोषी ठान्न बाध्य पार्ने संरचनागत अवस्था छ। आफ्नो पीडा भनी हालेमा थप हिंसा हुने मनोवैज्ञानिक त्रासले धेरै महिलाहरू चुपचाप पीडा सहन बाध्य छन्", डा राजभण्डारी भन्नुहुन्छ,"तर, चुप बस्दा पीडा घट्दैन, हिंसा पनि स्वतः हराउँदैन–बरु, समयसँगै अझै गहिरिन्छ। पीडकहरुको मनोबल थप बढ्छ। त्यसैले आफ्नो वर्षौंको मौनता भङ्ग गर्नेहरुले नै न्याय पाउने हो। हाम्रा अध्ययनले पनि त्यही देखाउँछन्।"

फेडोका संस्थापक अध्यक्ष दुर्गा सोब महिलामाथि समाजका संस्कारगत मान्यता, परिवारको इज्जत र सन्तानको भविष्यको डर देखाएर हिंसा भइरहेको भन्दै अब सहेर बस्ने अवस्था नरहेको बताउनुहुन्छ। "महिलाहरूले विभिन्न प्रथा, परम्परा र जिम्मेवारीका कारणले पीडा सहँदै न्यायका लागि वर्षौंदेखि पर्खिरहनुपरेको छ। बर्सेनि उजुरीका घटना बढिरहेका छन्, यसले अब सहँदैनौं भन्ने सङ्केत त गर्छ, तर हिंसा गर्नेहरु रोकिएका छैनन् भन्ने उदारहण पनि हुन् यी। अब कि हिंसा गर्नेहरु रोकिनुपर्छ, नभए महिलाहरूले आफूलाई बदल्नैपर्छ", उहाँ भन्नुहुन्छ।

विगतमा हिंसा र विभेद भोग्नेहरुले धेरै पर्खियौं, धेरै सह्यौं, त्यसले पीडकको मनोबल बलियो बनाउने र हिंसा सहनेहरुलाई झन्झन् किनारामा धकेल्ने अवस्था बनाउँदो रहेछ। अब समय बदलिने प्रतीक्षामा बस्नुहुँदैन, न्याय, समानता र परिवर्तनका लागि आवाज उठाउनुपर्छ", उहाँले भन्नुभयो।

नेपालमा मात्रै विश्वका ५८ प्रतिशत युवती वा किशोरीले कुनै न कुनै किसिमको अनलाइन दुर्व्यवहार झेल्ने र यसमध्ये अधिकांशले १४ देखि १६ वर्षकै उमेरमा पहिलो पटक हिंसा भोग्ने गरेको युनिसेफले हालै सार्वजनिक गरेको एउटा विवरणमा उल्लेख छ। एसिया प्रशान्त क्षेत्रका तीनमध्ये एक महिला सांसदले अनलाइन आक्रमण खेप्ने गरेका, हरेक आठमध्ये एकले १८ वर्षको उमेरभन्दा पहिले (बाल्यकाल/किशोरावस्थामा) बलात्कार वा यौन शोषण भोगिसकेको र पाँचमध्ये एक जनाले अनलाइन वा शाब्दिक हिंसा भोगेको विवरणमा उल्लेख छ।

"हजारौं वर्षदेखि महिलालाई विभिन्न तरिकाले हुँदै आएको उत्पीडनको संरचना, विचार तथा व्यवस्था अझै विद्यमान छ।", "पछिल्लो समय समान अधिकार, समानता र भेदभावरहीत व्यवहार, यौन उत्पीडन, घरेलु हिंसा र श्रमको सम्मानका लागि संघर्ष गरिरहनुपरेको छ।"

नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालयका प्रहरी उपरीक्षक श्यामसिंह चौधरी पछिल्लो समय अनलाइनमार्फत हुने हिंसा, घरेलु हिंसा र यौनजन्य घटना बढिरहेकाले यस विरुद्ध सबै लाग्नुपर्ने बताउनुहुन्छ। "प्रहरीले स्वअनुगमन र उजुरीमा आधारित रहेर कामकारवाही गरिरहेको छ।"

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

Agricultural Development Bank Ltd.
# कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि ३५ दिने सूचना

(सूचना प्रकाशन मिति २०८२/०८/२६)

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१(एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यविधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयको नाम : खानीखोला शाखा, धादिङ्ग।**

**१.ग्राहकको नामः- तसर्पु कालिका बाखा फर्म**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८/२३ सम्मको ब्याज तथा अन्य | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | तसर्पु कालिका बाखा फर्म प्रो.सानुविर बहादुर तामाङ (१९४६३०३) | थाके गा.पा.४ धादिङ | सरल कृषि कर्जा | १०,००,०००.०० | २,३४,१२३.८३ | १२,३४,१२३.८३ |

फर्मको दर्ता नं.:९५५।०४।०७५।०७६ दर्ता भएको कार्यालयः थाके गाउपालीकाको कार्यालय महादेवबेसी ,धादिङ दर्ता मितिः२०७६/०१/२५ पान नं.: ६१०७४३१४८ मिति २०७६/०२/२०

**प्रोप्राईटर/धितोधनि/जमानतकर्ताको नाम**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु | बाजे/पति |
|---|---|---|---|---|---|---|
| १ | सानुवीर बहादुर तामाङ | थाके गा.पा.४ धादिङ | ४१९३ | धादिङ,२०६०/०८/१८ | रत्न बहादुर तामाङ | उरवन तामाङ |
| २. | रत्न बहादुर तामाङ | थाके गा.पा.४ धादिङ | ३/१५६ | धादिङ,२०४४/१०/०८ | उरवन तामाङ | दमै सिं |
| ३. | पुतली स्याङतास | थाके गा.पा.४ धादिङ | ३१३०३६/६४४ | धादिङ,२०६३/१०/०७ | जित बहादुर स्याङतास | उरवन तामाङ |

**२.ग्राहकको नामः- सुमन थापा**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८/२३सम्मको ब्याज तथा अन्य | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | सुमन थापा(१७००२५४) | थाके गा.पा. ७, थापाटोल धादिङ, | सरल कृषि कर्जा | १५,००,०००.०० | ३,५२,९५४.१४ | १८,५२,९५४.१४ |

**ऋणि/जमानतकर्ताहरुको नाम**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|---|
| १ | सुमन थापा | थाके गा.पा. ७, थापाटोल धादिङ, | २६-०१-७२१०५४८, | धदिङ, २०७२।११।१९ | तिलक बहादुर थापा | डोल बहादुर थापा |
| २. | तिलक बहादुर थापा | थाके गा.पा. ७, थापाटोल धादिङ, | ४/८९१२ | धदिङ, २०४५।०५।०८ | डोल बहादुर थापा | टक बहादुर |

**३.ग्राहकको नामः- श्री वाईवा गाई फर्म**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८/२३सम्मको ब्याज तथा अन्य | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री वाईवा गाई फर्म प्रो.पासाङ तामाङ(१७५०७६४) | थाके गा.पा.४ धादिङ | सहुलियत कर्जा | ३६,८१,५३६.९७ | ३,४२,५६९.८८ | ४०,२४,१०६.८५ |

फर्मको दर्ता नं.: ५४१३/०७४/०७५ दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय , धादिङ, धादिङ दर्ता मिति : २०७४/०७/२८
पान नं.: ६०३८०१०१७ मिति २०७२/०९/२३

**ऋणि/जमानतकर्ताहरुको नाम**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|---|
| १ | पासाङ तामाङ | थाके गा.पा.४ धादिङ | २६३०४३/६६४ | धादिङ, २०६३।१०।१६ | आसमान तामाङ | बुधे तामाङ |
| २. | अनिता तामाङ | थाके गा.पा.४ धादिङ | २६१/००५३ | धादिङ, २०६९।०४।०३ | हरि बहादुर स्याङतान | बुधे तामाङ |
| ३ | श्रीमती माईली तामाङ | थाके गा.पा.४ धादिङ | ३/९०/०४४ | धादिङ, २०४४।१०।०७ | आसमान तामाङ | बुधे तामाङ |

**४.ग्राहकको नामः- राजु थापा**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८/२३सम्मको ब्याज तथा अन्य | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | राजु थापा (१७००२१२) | थाके गा.पा. ७, थापाटोल धादिङ, | सरल कृषि कर्जा | १०,००,०००.०० | ३४,४८१.३४ | १०,३४,४८१.३४ |

**ऋणि/जमानतकर्ताहरुको नाम**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|---|
| १ | राजु थापा | थाके गा.पा. ७, थापाटोल धादिङ, | ३७१८ | धादिङ, २०६०।०८।१८ | हरी बहादुर थापा | डोल बहादुर थापा |
| २. | हरी बहादुर थापा | थाके गा.पा. ७, थापाटोल धादिङ, | ४/८९०५ | धदिङ, २०४५।०२।०८ | डोल बहादुर थापा | तेज बहादुर |
| ३ | कविता थापा | थाके गा.पा. ७, थापाटोल धादिङ, | २६१/०४४३ | धदिङ, २०६९।०४।०४ | अर्जुन खड्का | डोल बहादुर थापा |

**५.ग्राहकको नामः- जीवन घलान**

| क्र.सं. | कर्जा ग्राहकको नाम | ठेगाना | उद्देश्य | साँवा रकम रु. | मिति २०८२/०८/२३सम्मको ब्याज तथा अन्य | जम्मातिर्नु पर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | जीवन घलान (१९३४१९०) | थाके गा.पा.५, टसर्पु धादिङ | सरल कृषि कर्जा | १०,००,०००.०० | १,६३,६२८.२७ | ११,६३,६२८.२७ |

**ऋणि/जमानतकर्ताहरुको नाम**

| क्र.सं. | नाम | ठेगाना | नागरीकता नं. | नागरिकता जारी भएको जिल्ला र मिति | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|---|---|
| १ | जीवन घलान | थाके गा.पा.५, टसर्पु धादिङ, | ३९/३२ | धादिङ, २०६२।०३।२० | राम बहादुर घलान | बुधे घलान |
| २. | राम बहादुर घलान | थाके गा.पा.५, टसर्पु धादिङ, | ५०९० | धदिङ, २०४२।०२।०८ | बुधे घलान | रातो घलान |
| ३ | हिरामाया तामाङ | थाके गा.पा.५, टसर्पु धादिङ, | २६३०४५/३०५ | धदिङ, २०६३।१०।०६ | राम बहादुर तामाङ | बुधे घलान |

**कृषि विकास बैंक लि.**
**प्रदेश कार्यालय वीरेन्द्रनगर, चितवन**

# नेत्रावती डबजोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेमजोङ धादिङ
## बागमती प्रदेश नेपाल

**प्रस्ताव आह्वान सम्बन्धी सूचना !!**

(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/२६)

यस नेत्रावती डबजोङ गाउँपालिकाको आ.व २०८२/०८३ संघीय शसर्त अन्तर्गतको कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्नुपर्ने भइकोले यस गाउँपालिका भित्रका इच्छुक कृषक समुह कृषि सहकारी, तथा कृषि उद्यमी प्रस्तावकहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मिति : २०८२/०९/१७ गते सम्म) कार्यालय समय भित्र आइ पुग्ने गरी देहाय बमोजिमका कागजात सहित आवेदन प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीका साथ यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल :

| क्र.स. | कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको कुल बजेट (रु. हजारमा) | अधिकतम अनुदानको सिमा | कैफियत |
|---|---|---|---|---|---|
| १. | व्यवसायिक फलफूल खेति कार्यक्रम | कृषक ,कृषक समूह ,कृषि उद्यमी,कृषि सहकारी,कृषिसँग सम्बन्धित समितिहरु | ९०० | बढीमा ५०% अनुदान | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ बमोजिम |
| २. | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कृषक ,कृषक समूह ,कृषि सहकारी,सामुदायिक बीउ बैंक,होमस्टे संचालक,रैथाने बालीको परिकार विविधिकरण तथा कच्चा पदार्थको उत्पादन र बजारीकरणमा संलग्न व्यक्ति,फर्म तथा सामुदायिक संस्थाहरु लगायत मूल्य श्रृंखलाका अन्य सरोकारवालाहरु | ५०० | बढीमा ५०% अनुदान | |
| ३. | व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम | कृषक ,कृषक समूह ,कृषि उद्यमी,कृषि सहकारी,कृषिसँग सम्बन्धित समितिहरु | ६०० | बढीमा ५०% अनुदान | |
| ४. | गुरु किसान छनौट तथा नमुना फार्म स्थापना सहयोग कार्यक्रम | व्यवसायिक/अगुवा कृषक एवम् कृषि उधमी | ९०० | बढीमा ५०% अनुदान | |
| ५. | साना सिंचाई प्रवर्द्धन कार्यक्रम | कृषक समूह ,कृषि उद्यमी,कृषि सहकारी,कृषिसँग सम्बन्धित समितिहरु | ९७५ | बढीमा ५०% अनुदान | |

**आवश्यक कागजातहरु :**

१. अनुसूची २ बमोजिमको आवेदन फारम
२. आवेदकको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, संस्था दर्ताको प्रमाण पत्र, स्थायी लेखा नम्बर(PAN), कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
३. गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपी
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
५. समूह तथा सहकारीको हकमा निर्णयको प्रतिलिपी
६. कार्यक्रम संचालन गर्ने प्रतिवद्धता पत्र तथा अनुदान दोहोरो नलिएको स्वःघोषणा
७. सम्बन्धित वडा कार्यालयको सिफारिस
८. अन्य आवश्यक कागजातहरु ।

नोट : कार्यक्रम संचालन कार्यविधि यस गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
थप जानकारीको लागि गाउँपालिकाको कृषि विकाश शाखामा सम्पर्क गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# Gajuri Rural Municipality
# Office of Rural Municipal Executive
## Gajuri, Dhading

**Invitation for Online Bids**

First Date of Publication: December 12, 2025 10:00 am

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Estinmated Amount | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|---|
| GRM/G/SQ/02/2082/083 | Procurement of Veterinary Medicines for Gajuri Rural Municipality | 9,99,652.33 | 25,000/- | 1,000/- | December 28, 2025, 12:00 pm |

Account Details:Rastriya Banijya Bank, Gajuri Branch

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 STHANIYA TAHA AANTARIK RAJASWA | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-2-3 STHANIYA TAHA DHARAUTI KHATA | 1050100303000002 | 80330503300 | |

1. Eligible Bidders may obtain further information at the office of Gajuri Rural Municipality, Dhading, email: ito.gajurimun@gmail.com, website: www.gajurimun.gov.np and contact no. 9840043682 or may visit PPMO website www.bolpatra.gov.np/egp . Also, visit our Facebook: www.facebook.com/gajuriruralmunicipality

Chief Administrative Officer

# नयाँ पुस्तालाई संगठित गर्न नसक्दा जेनजी आन्दोलन : बिजुक्छे

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित)ले नयाँ पुस्तालाई राजनीतिक रुपमा सङ्गठित पार्न नसक्दा जेनजी आन्दोलनका नाममा देशले ठूलो क्षति व्यहोर्नुपरेको बताउनुभएको छ ।

भक्तपुर नगर पालिकाले बिहीबार देखि आयोजना गरेको भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियागिताको उद्घाटन गर्दै उहाँले जेनजीका नाममा भएको घटनाले देशको प्रशासनिक केन्द्र सिंहदरबार, संसद् भवन र धेरै मन्त्रालयहरु तथा देशभरका सरकारी कार्यालय जलाउनु सही नभएको उल्लेख गर्नुभयो । खेलकुदले मित्रता, शिक्षा र संस्कृतिको विकाससँगै शारीरिक एवं मानसिक स्वास्थ्य सुधार गर्नुका साथै अनुशासित नागरिक तयार गर्न, सामाजिक सम्बन्ध मजबुत बनाउने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं कार्यक्रमका सभापति सुनील प्रजापतिले आजदेखि पुस १ गतेसम्म सञ्चालन हुने खेलकुद प्रतियोगितामा टेबुलटेनिस, भलिबल, फुटबल, कबड्डी, खो-खो, एथ्लेटिक्स, बुद्धिचाल, ब्याडमिन्टन, कराँते, उसु, तेक्वान्दो, पोर्टबल, जिम्नास्टिक, कसिमला पाँय र बाघचाल गरी १५ वटा खेलमा प्रतियोगीबीच प्रतिस्पर्धा हुने बताउनुभयो ।

प्रतियोगितामा ८० भन्दाबढी विद्यालयको सहभागिता रहने बताउँदै उहाँले भलिबलमा २८८ जना, एथ्लेटिक्समा ४०८ जना, टेबलटेनिसमा १३८ जना, पोर्टबलमा १५३ जना, उसुमा १३९ जना, कबड्डीमा १६० जना, तेक्वान्दोमा ३५० जना, कसिमला पाय्मा २४३ जना, बुद्धिचालमा १७३ जना, बाघचालमा २४७ जना, फुटबलमा २८८ जना, जिम्नाष्टिकमा १०० जना, ब्याडमिन्टन मा १२० जना, कराँतेमा १६० जना र खोखोमा ३२४ जना गरी जम्मा ३ हजार २९१ जना खेलाडीहरुले प्रतिस्पर्धा गर्ने जानकारी दिनुभयो । बिहीबारै दत्तात्रयबाट सुरु भएको समुद्घाटन -याली नगरको विभिन्न ठाउँको परिक्रमा गर्दै सहिद स्मृति खेल मैदानमा पुगेर प्रतियोगिताको उद्घाटन गरिएको थियो ।

# नागढुङ्गा मलेखु सडकखण्ड : आज र भोली आंशिक बन्द नहुने

धादिङबेशी । दैनिक पाँच घण्टा आंशिक बन्द गरेर उस्तरोन्नति भइरहेको नागढुङ्गा मलेखु सडकखण्ड आज र भोलि (शुक्रबार र शनिबार)का लागि खुला गरिएको छ ।

नेकपा (एमाले)को ११औं केन्द्रीय महाधिवेशन उद्धाटन सत्रलाई ख्याल गर्दै सो सडकमा आवतजावत नरोकिएको हो। नागढुङ्गा-मुग्लिन सडक आयोजनाले यही मङ्सिर २४ गतेबाट आंशिक बन्द गरेर काम गरिरहेको छ। दुई दिनका लागि बन्द सडक बन्द नगरिने आयोजनाले जनाएको छ । त्यसपछि भने कार्यतालिकाअनुसार तोकिएको समयमा सडक बन्द गरेर काम गरिने नागढुङ्गा-मुग्लिन सडक योजना पूर्वी खण्डका प्रमुख केशवप्रसाद ओझाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “स्तरोन्नतिलाई तीव्रता दिन धादिङ र काठमाडौंको जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर मङ्सिर २४ गतेबाट पुस १ गतेसम्म बिहान १०:३० देखि दिउँसो ३:३० सम्म दैनिक पाँच घन्टा बन्द गरेर काम गरिरहेका थियौं, एमालेको महाधिवेशनलाई ख्याल गर्दै सवारी चाप र सम्भावित सडक जामलाई मध्यनजर गरी सडक बन्द नगर्ने निर्णय लिएका छौं ।” युवा सङ्घको टोलीले बुधबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङलाई भेटेर महाधिवेशनका लागि दुई दिन सडक खुला गरिदिन आग्रह गरेका थिए ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com